## विषय : सूचना ॥ सूचना ॥ सूचना ॥

प्रथम पटक प्रकाशित मितिः२०७६/०७/०३

**मत्स्यपालन पोखरी निर्माण/पोखरी सुधार अनुदान सम्बन्धि सूचना**

यस धनगढी उप महानगरपालिकाको आ.व.२०७६/७७ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार माछा पोखरी निर्माण सुधार कार्यक्रम अन्तरगत व्यवसायिक माछा पालनको लागि नयां पोखरी निर्माण तथा पुरानो पोखरी मर्मत सुधारका लागि अनुदान उपलब्ध गराई माछा पालन प्रवर्द्धन गर्ने कार्यक्रम रहेको हुंदा धनगढी उप महानगरपालिकाका मत्स्यपालनमा संलग्न दर्तावाल व्यक्ति/फार्म/कृषक समूह/समिति हरुबाट दरखास्त आह्वानको यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशित भएको मिति ले ३० दिन भित्र तपसिलका कागजातहरु सहित यस कार्यालयमा आवेदन पेश गर्न हुन अनुरोध छ । यो सूचनाको म्याद सकिने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट कार्यालय समयमा आवेदन दर्ता गराउन सकिने समेत जानकारी गराईन्छ ।

**तपसिलः**

१. रु. १०। को टिकट टाँसेको अनुसूचि २ अनुसारको आवेदन ।
२. सम्बन्धित वडा कार्यालयको सिफारिस ।
३. पोखरी निर्माण गरिने जग्गाको लालपुर्जाको प्रतिलिपि ।
४. उद्यमी कृषकहरुको हकमा फार्म दर्ता/नागरिकता प्रमाण-पत्रको प्रतिलिपि र कर तिरेको रसिदको प्रतिलिपि १/१ प्रति ।
५समूहबाट गरिने भए समूह दर्ता वा नवीकरणको प्रमाण-पत्रको प्रतिलिपि र समूहको निर्णयको प्रतिलिपि १/१ प्रति ।
६.भाडाको जग्गामा गरिने भए कम्तिमा १० वर्षको करार सम्झौता पत्र र जग्गाधनी को नागरिकता प्रमाण-पत्रको प्रतिलिपि र उक्त जग्गाको लालपुर्जाको प्रतिलिपि १/१ प्रति ।
७. अनुसूचि ३ बमोजिमको कार्ययोजना ।
८. निवेदकको तालिम तथा शैक्षिक योग्यताको प्रतिलिपि पेश गर्नु पर्नेछ ।
९. अनुसूचि ४ अनुसारका घट्टिमा ५ बर्षसम्म प्रस्तावित व्यवसाय संचालन गर्ने प्रतिवद्धता पत्र ।

**शर्तहरु**

१. विगत २ आर्थिक बर्ष भित्र रु.५०,०००। वा सो भन्दा बढि सोहि प्रकृतिको अनुदान पाएका फार्म/व्यक्ति /समुहलाई छनौट गरिने छैन छनौट भए पनि अनुदान लिएको खुलेमा जुनसुकै वखत छनौट सूचिबाट हटाउन र सम्झौता रद्ध गर्न सकिने छ ।
२. यो अनुदान कार्यक्रम प्राकृतिक ताल, तलैया र पोखरी मर्मत सुधारमा दिइने छैन ।
३. नयां पोखरी निर्माणको लागि जलाशय प्रति कट्ठा १०,०००। र पुरानो पोखरी मर्मतको लागि जलाशय प्रति कट्ठा ३,०००। का दरले कार्यालयको निर्णय अनुसार अनुदान उपलब्ध गराईने छ ।
४ घटिमा ५ कट्ठामा मत्स्यपालन गर्ने/गरि रहेका व्यक्ति/समुह/फार्मले मात्र अनुदानका लागि आवेदन दिनु पर्ने छ ।
५. निवेदन पेश गर्ने स्थानः धनगढी उप महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, पशु सेवा शाखा (E Block) १०२ नं. कोठा ।
६. अनुसूचिहरु पशु सेवा शाखाबाट निःशुल्क पाईनेछ । थप जानकारीको लागि ०९१-५२५०३९ मा सम्पर्क राख्न सक्नु हुने छ ।

(प्रमुख प्रशासकीय अधिकृत)

प्रमुख प्रशासकीय अधिकृत